"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय मैत्री ISO ९००१:२०१५ नगरपालिका"

प.सं. २०८१/०८२
च.नं. ३८

मिति : २०८१/०४/०६

श्री करदाताहरु (सबै)
तिलोत्तमा नगरपालिका, मणिग्राम रुपन्देही

विषय : कर दाखिला गर्दा पेश गनुपर्ने कागजप्रमाण सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, अनामनगर काठमाण्डौले सबै स्थानीय तहहरुबाट संकलन गरिने राजस्वको लागि उक्त कार्यालयबाटै उपलब्ध गराईएको **स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA)** अनिवार्य रुपमा लागु गर्न र चालु आ.व.बाट सोही प्रणाली मार्फत राजस्व बुझिलिनु पर्ने व्यवस्था गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

यस प्रणालीबाट कर बुझाउँदा करदाताको व्यक्तिगत विवरणको साथै सम्पत्ति/भूमीकरको हकमा करदाताको नाममा रहेको घर र जग्गाको विवरण, व्यवसाय करको हकमा व्यवसायको विवरण, बहाल करको हकमा बहालमा लिने/दिनेको विवरणहरु एकपटकका लागि यस प्रणलिमा प्रविष्ट गर्नुपर्ने हुन्छ । साविकमा प्रयोग हुँदै आएको प्रणालीमा रहेका यस्ता विवरणहरु यस प्रणालीमा सार्न नमिल्ने भएको कारणले चालु आ.व.मा कर बुझाउन वडा कार्यालयमा आउँदा स्वयं करदाता वा निजको एकाघरको व्यक्तिले देहायको विवरण लिई स्थाई बासिन्दाको हकमा बसोबास भएको वडा र अन्यको हकमा सम्पत्ति भएको वडाको कार्यालयमा सम्पर्क राख्नुहुन करदाता सबैलाई हार्दिक अनुरोध छ ।

क सम्पत्ति र भूमीकरका लागि संलग्न गर्नुपर्ने कागजपत्रहरु

१ करदाताको नागरिकताको प्रतिलिपी
२ आफ्नो नाममा यस नगरपालिका भित्र रहेका सबै जग्गाको लालपूर्जा प्रतिलिपी
३ अघिल्लो पटक सम्पत्ति/भूमी कर बुझाएको रसिद
४ घर सम्पन्न वा नक्सा नियमित गरेको प्रमाणपत्रको प्रतिलिपी
५ सम्पत्तिको स्व-घोषणा फाराम (वडा कार्यालयबाट लिई भर्ने)
६ कर बुझाउने घर वा जग्गा मध्ये केही वा सबै बहालमा दिएको भए बहाल सम्झौताको प्रतिलिपी (सम्झौता नभएको खण्डमा वडाबाट स्वघोषणा फारम लिई भरेर बुझाउने)
७ वडाले माग गरेमा आवश्यक थप कागजातहरु

इन्द्र दत्त सीपकोटा
राजस्व अधिकृत

ख व्यवसाय करका लागि

अ) नगरपालिका वा वडामा साविकमा दर्ता/सूचिकृत भई व्यवसाय कर तिरिरहेका पुराना व्यवसायको हकमा

१ करदाताको नागरिकताको प्रतिलिपी (एकल वा साझेदारी फर्म भएमा)
२ फर्म दर्ता प्रमाणपत्र (एकल वा साझेदारी फर्म भएमा)
३ साझेदारी हिस्सा खुल्ने प्रमाण (साझेदारी फर्म भएमा)
४ कम्पनी दर्ता प्रमाणपत्र (प्रा.लि. भएमा)
५ शेयर लगत प्रमाण पत्रको प्रतिलिपी (प्रा.लि. भएमा)
६ व्यवसाय गर्नका लागि घर वा जग्गा वा दुवै बहालमा लिएको भए बहाल सम्झौता (सम्झौता उपलब्ध नभएको खण्डमा वडाबाट स्वघोषणा फारम लिई भरेर बुझाउने)
७ वडाले माग गरेमा आवश्यक थप कागजातहरु

आ) नगरपालिका वा वडामा हालसम्म दर्ता/सूचिकृत नभएका र नयाँ दर्ता व्यवसायको हकमा

१ करदाताको नागरिकताको प्रतिलिपी (एकल वा साझेदारी फर्म भएमा)
२ फर्म दर्ता प्रमाणपत्र (एकल वा साझेदारी फर्म भएमा)
३ प्रबन्ध पत्र र नियमावली (कम्पनी भएमा)
४ कम्पनी दर्ता प्रमाणपत्र (कम्पनी भएमा)
५ शाखा बिस्तार गर्नुपरेमा शाखा बिस्तार गर्ने निर्णय र पत्र
६ घर/जग्गा बहालमा लिएको भए सम्झौता (सम्झौता उपलब्ध नभएको खण्डमा वडाबाट स्वघोषणा फारम लिई भरेर बुझाउने)
७ वडाले माग गरेमा आवश्यक थप कागजातहरु

ग घर/जग्गा बहाल करका लागि

१ घरजग्गा बहालमा लिने र दिने दुवै व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२ बहालमा लिएको वा दिएको घर जग्गाको जग्गाधनी प्रमाणपत्र र संरचनाको क्षेत्रफल खुल्ने आधिकारिक कागज प्रमाण
३ घर/जग्गा बहाल सम्झौता (सम्झौता उपलब्ध नभएको खण्डमा वडाबाट स्वघोषणा फारम लिई भरेर बुझाउने)
४ वडाले माग गरेमा आवश्यक थप कागजातहरु

इन्द्र दत सापकोटा
राजस्व अधिकृत